

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ४ गते शुक्रबार ❑ 20 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संविधान कार्यान्वयन गर्न प्रदेश प्रमुख भट्टको आग्रह

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असोज

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले संविधानको पूर्ण पालना र कार्यान्वयनमा राज्यका सबै अङ्गहरूले निष्पक्ष र न्यायपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ।

गण्डकी प्रदेश सरकारद्वारा संविधान दिवसका अवसरमा बिहीबार पोखरामा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै उहाँले संविधानको कार्यान्वयनमार्फत राष्ट्रिय समृद्धि हासिल गर्दै सङ्घीय लोकतान्तिक गणतन्त्रका आधार भूत मान्यता र मूल्य प्रणालीलाई राष्ट्रिय जीवनपद्धति बनाउनुपर्ने बताउनुभयो।

"हाम्रो संविधानले सामाजिक न्यायमा आधारित समतामुलक समाजको परिकल्पना साकार बनाउन समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने लक्ष्य लिएको छ", प्रदेश प्रमुख भट्टले भन्नुभयो, "उक्त लक्ष्य हासिल गर्न मुलुकमा उपलब्ध प्राकृतिक श्रोत तथा उर्जाशील युवाशक्तिसहित मानवीय संशाधनका दिगो सदुपयोग गर्दै कृषि, वन, जलश्रोत र पर्यटनमा आधारित उद्यमशीलताको विकासमार्फत स्वाबलम्बी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु आजको आवश्यकता हो।"

नेपाली जनताको दशकौं लामो सङ्घर्ष र बलिदानको फलस्वरुप सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको



उहाँले बताउनुभयो । संविधानले सुनिश्चित गरेका मौलिक अधिकार हरूको कार्यान्वयन गरी राज्यबाट प्राप्त हुने सेवा र सुविधाहरूमा सबै नागरिकको समान पहुँच स्थापित हुनुपर्ने उहाँले बताउनुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सुदृढीकरण गर्न मुलुकको राष्ट्रिय एकता, अखण्डता र जनतामा निहित सार्वभौमसत्तालाई सर्वोपरी राख्न आवश्यक रहेको उहाँको भनाइ छ । समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थापको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकङ्कक्षा पूरा गर्ने सङ्कल्प लिएको बताउनुभयो । "निरङ्कुश र केन्द्रीकृत राज्य व्यवस्थाद्वारा सिर्जित विभिद र उत्पीडिनको अन्त्य गर्दै जातिय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व राजनीतिक नेतृत्वसामु रहेको उहाँको भनाइ छ । संविधानमा व्यवस्था भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तहलाई शक्ति र स्रोतको बाडफाँट गर्दै सङ्घीय प्रणालीलाई संस्थागत गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो। गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले संविधानको पूर्ण कार्यान्वयनमा जोड दिनुभयो। उहाँले संविधानले निदृष्ट गरेअनुसार धेरै ऐन, कानुन बनाउनुपर्ने आवश्यक रहेको उहाँले बताउनुभयो । "सङ्घ सरकारले ऐन नबनाएका कारण कतिपय प्रदेश कानुन अगाडि बढाउन सकिएको छैन", सभामुख धितालले भन्नुभयो, "नागरिकलाई थप सुदृढ र अधिकारसम्पन्न बनाउन राजनीतिक दलहरू एकता र समन्वयका साथ अगाडि बढ्नु आवश्यक छ ।"

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले संविधान निर्माण राष्ट्रिय एकतासाथ गरिएको भन्दै संशोधन र परिमार्जन गर्दा पनि राष्ट्रिय सहमतिका आधारमा मात्र गरिने बताउनुभयो । उहाँले संविधानले व्यवस्था गरेका गणतन्त्र, सङ्घीयता, धर्मनिरेपक्षता, समानुपातिक र समोवशी सिद्धान्तप्रति कसैसँग सम्झौता नुहने बताउनुभयो । "नागरिकका अधिकारलाई थप सुदृढ र अधिकारसम्पन्न गराउन संविधान संशोधन हुनसक्छ, तर यो विष्या राजनीतिक दलहरूबीचको एकता र सहमतिका आधारमा मात्र अगाडि बढ्छ", पूर्वमुख्यमन्त्री अधिकारीले भन्नुभयो।

गण्डकी प्रदेशसभाका विपक्षी दलका नेता हरिबहादुर चुमानले संविधानको पूर्ण कार्यान्वयन नहुँदा सङ्घीयताप्रति टिकाटिप्पणी भइरहेको बताउनुभयो । उहाँले संविधानका उपलब्धीलाई रक्षा गर्न परिवर्तनका पक्षधर शक्तिहरू एकठाउँ उभिनुपर्ने बताउनुभयो । औपचारिक समारोह अघि मुख्यमन्त्री पाण्डेलगायतले सहिदचोकमा पुगेर सहिदका सालिकमा माल्यार्पण गर्नुभएको थियो। सहिदचोकदेखि सुरु भएको प्रभातफेरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय परिसरमा आएर मूल समारोहमा परिणत भएको थियो । उक्त समारोहमा गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानका कलाकारहरूले विभिन्न सांस्कृतिक झाँकी तथा नृत्य प्रस्तुत गरेका थिए।

## पथप्रदर्शक र सहयोगीलाई वातावरणीय अपराध रोकथाम सचेतना

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असोज

पोखरामा पदयात्रा क्षेत्रमा कार्यरत पथप्रदर्शक तथा सहयोगीलाई दीगो पर्यटकीय अभ्यास र वातावरणीय अुपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी सचेतना तालिम दिइएको छ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजना एवं युएसएआडी र टान केन्द्रसँगको सहकार्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । तालिममा पदयात्रा क्षेत्रमा क्रियाशील एक सयभन्दा बढी पदप्रदर्शक तथा सहयोगी



सहभागी रहेका टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो । दिगो पर्यटन विकासका लागि प्रकृतिको संरक्षण जरुरी रहेको उल्लेख गर्दै उहाँले सचेतनाबाट पथप्रदर्शक तथा सहयोगीमा पदयात्रा पर्यटनमा वातावरण संरक्षणको महत्वसँगै यसले दीर्घकालीन रुपमा पार्ने प्रभावलगायत महत्वपूर्ण ज्ञान हासिल भएको बताउनुभयो । कार्यक्रमका सहभागीलाई प्रमाणपत्र वितरण


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेपाल चिकित्सक संघ गण्डकीको अध्यक्षमा डा. सुनिल पनेरु

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असोज

नेपाल चिकित्सक संघ गण्डकी शाखाको नयाँ कार्य समितिको पदस्थापन कार्यक्रम शनिवार सम्पन्न भयो।

नयाँ कार्यसमितिको अध्यक्षमा डा. सुनिल पनेरु निर्विरोध चयन भएका थिए । शाखाको वरिष्ठ उपाध्यक्षमा डा. कृष्णचन्द्र रिजाल र उपाध्यक्षमा डा. सुशील तिमिल्सिना निर्विरोध चयन भएका थिए भने सचीवमा डा. नवराज लम्डारी, सह सचिब डा. डेविड श्रेष्ठ, कोषाध्यक्षमा डा. राजेन्द्र नेपाली र सह कोषाध्यक्षमा डा. पुजन शर्मा रहेका छन्।

त्यस्तैगरी सदस्यहरुमा क्रमश डा. दिनेश कुमार वि.क, डा. सुस्मित काफ्ले, डा. संजय



कोइराला, डा.सुधिर रमण पराजुली, डा. बिराट शर्मा र डा. राजेन्द्र घिमिरे चुनिएका छन् । नयाँ कर्यसमितिका कार्यकाल तीन वर्षको रहने छ।

नेपाल चिकित्सक संघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष डा बद्रि रिजालले कार्यक्रमको उद्घाटन गरेका थिए। गण्डकी प्रदेश संयोजक एवं गण्डकी शाखाका निवर्तमान अध्यक्ष डा. राजन शर्माको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति डा बुद्धिबहादुर थापा, डीन डा श्रीकृष्ण श्रेष्ठ र अस्पताल निर्देशक डा भरत बहादुर खत्रीको उपस्थिति रहेको थियो।

## रुपा रिङरोड दोस्रो खण्डको शिलान्यास

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असोज

कास्कीको रूपा गाउँपालिकामा पर्ने रामकोट-ठूलीवेशी-देउपूर वेसी-पोल्याङ (रुपा रिङरोड)को दोस्रो खण्डको काम अघि बढेको छ।

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले बिहीबार रूपा १ र ७ मा पर्ने उक्त रिङ रोडको दोस्रो खण्डको संयुक्त शिलान्यास गरे।

संघ र प्रदेश सरकारले बराबर आर्थिक भार व्यहोर्ने गरी (समपूरक योजना) ४७ करोड १८ लाख ९१ हजार रूपैयाँ लागतमा १६.१२ ९ किलोमिटर दूरीको यो बाटो



बन्ने छ। शिलान्यास कार्यक्रममा बोल्दै निवर्तमान मुख्यमन्त्री अधिकारीले प्रदेश सरकार भएकैले यो सडक बन्न लागेकाले प्रदेश संरचनाको आवश्यकता पुष्टि भएको बताए । प्रदेश सरकारकै सहयोगमा गाउँपालिकामा गाउँ-गाउँमा मोटरबाटो पुगेको उनले सुनाए। 'प्रदेश सरकार बन्नु पहिले ५० मिटर पिच बाटो थियो । अहिले धेरै ठाउँमा बाटो बनेको छ,' निवर्तमान मुख्यमन्त्री अधिकारीले भने, 'अहिले केही टोलमा पिच बाटो बन्न बाँकी छ। यसले प्रदेश सरकार किन चाहिने रहेछ भनेर देखाउँछ।'

गाउँमा सडक पूर्वाधार पुग्ने तर मानिस सहर झर्ने परिस्थिति बन्नु दुःखद भएको उनले टिप्पणी गरे। रूपा रिङरोड बनेपछि गाउँका उत्पादनलाई बजारसम्म पुऱ्याउने विषयमा ध्यान दिनुपर्ने अधिकारीको भनाइ थियो। 'खेतबारी बाँझो रहन दिनु हुँदैन । बजारबाट किनेको खान्न भन्ने हुनुपर्छ,' उनले भने, 'बजारबाट खाली आउने गाडीलाई यहाँबाट भरेर पठाउनुपर्छ । पोखराबाटै सामान बोकेर आउने अवस्था भयो भने हामी र भोलिको पुस्ताका लागि अभिशाप हुन्छ ।' भौतिक मन्त्री केसीले समयमै काम सक्न र जनतालाई दुःख दिने काम नगर्न निर्माण व्यवसायीलाई निर्देशन दिए।

काम गर्ने क्रममा निर्माण व्यवसायीलाई कुनै समस्या भए प्रदेश सरकारले त्यसलाई समाधान गर्न सहयोग गर्ने उनले प्रतिबद्धता जनाए। निर्माण कार्यमा बजेट अभाव हुन नदिने मन्त्री केसीले सुनाए । 'अहिले बेगनास तालबाट रामकोटसम्म आउने सडक स्तरोन्नतिका लागि संघ र प्रदेश सरकारबाट विभिन्न खण्डमा काम भइरहेको अवस्था छ,' मन्त्री केसीले भने, 'प्रदेशले काम गर्ने गरि छुट्टाइएको खण्डमा बजेट अभाव हुन नदिने तथा सघंले काम गरिरहेको खण्डमा समेत समयमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



**संबिधानको रक्षार्थ सबै जुटौं**

◆ संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो।

◆ संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो।

◆ संबिधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ।

◆ संबिधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन्।

त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तव्य हो।

नेपाल सरकार

विज्ञापन बोर्ड



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

## पथप्रदर्शक ...

गर्दै गण्डकी प्रदेशका पर्यटन मन्त्री मित्रलाल बस्यालले पर्यटन क्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी बनाउन गण्डकी प्रदेश सरकारले पर्यटन नीति ल्याउने तयारी गरेको जानकारी दिनुभयो। पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा यसको औचित्य पुष्टि हुने गरी काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पदमार्गहरू छोटिँदै गएका अवस्थालाई दृष्टिगत गरी नयाँ सोचका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

टान केन्द्रका महासचिव सोनाम ग्याजिङ शेर्पाले २९ दिन समयावधिको अन्नपूर्ण चक्रीय पदमार्ग ११ देखि १५ दिनमा छोटिएको भन्दै पदमार्गहरू छोटिँदै जानु चुनौती बनेको बताउनुभयो। पदयात्रासँग संस्कृति र जनजातिसँगका कार्यक्रमलाई जोड्नु आवश्यक भएको उहाँले बताउनुभयो।

टान गण्डकीका सल्लाहकार एवं नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटा, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्की, टान गण्डकीका प्रथम उपाध्यक्ष तीर्थराज सुवेदी, सचिव गोपालकृष्ण सङ्ग्रौला, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहाल, पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेल, युएसएआइडीका मोहनबहादुर विक, नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत कुन्दन मिश्र, प्रशिक्षार्थी कमल कार्कीलगायतले पदयात्रा पर्यटनलाई दिगो रुपमा अघि बढाउन वातावरण संरक्षण जरुरी रहेको धारणा राख्नुभयो।




सम्मेलन उद्घाटन समारोहमा सहभागीहरु : अखिल नेपाल महिला संघ (क्रान्तिकारी) गण्डकी प्रदेशको पोखरामा सुरु भएको प्रथम सम्मेलन उद्घाटन समारोहमा सहभागी नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष पम्फा भुसाल लगायत। तस्बिरः राधिका कँडेल/रासस

## रुपा......

नै काम सम्पन्न गराउन मेरो पहल रहने छ। 'गाउँपालिका अध्यक्ष नवराज ओझाले यो रिङरोडको काम सकिएपछि लमजुङ, तनहुँ र कास्कीको आवागमन धेरै सहज हुने विश्वास व्यक्त गरे।

सडकमा धेरै लगानी गरेको भनेर प्रश्न आउने गरेको तर उत्पादनलाई बजारसँग जोड्दा जनताको जीवनस्तर उकासिने भएकाले सडक आवश्यक रहेको उनले बताए। आगामी आर्थिक वर्षमा रिङरोडको बाँकी ३५ किलोमिटर सडकलाई पनि बजेट विनियोजन गरिदिन प्रदेश सरकारलाई अध्यक्ष ओझाले आग्रह गरे।

निर्माण कम्पनीका प्रतिनिधि भीमकुमार श्रेष्ठले काम गर्ने क्रममा स्थानीय स्तरबाट समस्या नभए समयभन्दा अघि नै काम सक्ने प्रतिबद्धता जनाए। उनले स्थानीय एकजुट भएमा काम गर्न सहज हुने सुनाए। शिलान्यास कार्यक्रममा भौतिक मन्त्रालयका निमित्त सचिव रामकुमार श्रेष्ठ, गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरूङ, रूपा-१ का वडाध्यक्ष रामबहादुर गोदार, रूपा-७ का वडाध्यक्ष कृष्णराज सुवेदी, अन्य जनप्रतिनिधि, नेपाली कांग्रेस रूपा गाउँपालिका समिति सभापति विमल न्यौपाने, माओवादी केन्द्रका प्रतिनिधि माधव पौडेललगायत उपस्थित थिए।

यो मोटर बाटो निर्माणको ठेक्का एम/एस जी.एन.सी.पी.एल-बी.बी.आर कन्स्ट्रक्सन जेभी, हेटौंडाले पाएको छ। यसका लागि गत साउन १७ मा निर्माण कम्पनीसँग सम्झौता भएको छ।

निर्माण कार्य २०८३ साल माघ १६ सम्म सक्नुपर्ने सम्झौता भएको पूर्वाधार विकास कार्यालय कास्की प्रमुख सी.डी.ई सोभियत खड्काले जानकारी दिए। रिङरोडको पहिलो खण्डअन्तर्गत फैंचोकदेखि पोल्याङसम्म १० किलोमिटर, रूपा परियोजनाअन्तर्गत ९ किलोमिटर सडक बनिसकेको छ।

# नाट्टा गण्डकी प्रदेशद्वारा व्यवसायीलाई कर तथा लेखा तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३ असोज

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशमा नाट्टामा आवद्ध गण्डकी प्रदेशका व्यवसायीलाई कर तथा लेखा तालिम दिइएको छ।



नाट्टा गण्डकी प्रदेशको आयोजनामा ८० जना व्यवसायीलाई तालिम दिइएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दहालले जानकारी दिनुभयो।

व्यवसायलाई व्यवस्थित र प्रभावकारी बनाउन कर तथा लेखा बारे जानकारी अपरिहार्य हुने अवस्थालाई दृष्टिगत गरी तालिम दिइएको बताउँदै उहाँले यसले कर तथा लेखा सम्बन्धमा व्यवसायीलाई महत्वपूर्ण जानकारीहरू प्राप्त भएको विश्वास व्यक्त गर्नुभयो। पर्यटन राजधानी पोखरा सहित समग्र देशको पर्यटन राष्ट्रको समृद्धिको महत्वपूर्ण आधार भएको बताउँदै अध्यक्ष दहालले राज्यको व्यवसायीमैत्री नीति आवश्यक हुनेमा जोड दिनुभयो। कार्यक्रमको उद्घाटन गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले व्यवसायलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन यस किसिमका तालिम आवश्यक हुने बताउँदै यस्ता तालिमहरूले निरन्तरता पाउनुपर्ने बताउनुभयो। पर्यटनसम्बद्ध संघ संस्थाको सामुहिक प्रयासमा पोखराको पर्यटनलाई गतिशिल बनाउन सकिने उल्लेख गर्दै उहाँले परिषद् सम्बद्ध सबैसँग हातेमालो गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। तालिममा आन्तरिक राजस्व कार्यालयका बरिष्ठ कर अधिकृत ठाकुरप्रसाद सुवेदीले कर तथा लेखा सम्बन्धमा तालिम दिनुभएको थियो। नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दहालको अध्यक्षता एवम् महासचिव चेतन कार्कीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक एवम् सचिव नवराज भण्डारी र धन्यवाद ज्ञापन प्रथम उपाध्यक्ष संगीता पौडेलले गर्नुभएको थियो। कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष पशुपति शर्मा, निवर्तमान अध्यक्ष हरिराम अधिकारी लगायतले व्यवसायिक दक्षता अभिबृद्धिका लागि यस किसिमका तालिम आवश्यक हुनेमा जोड दिनुभयो।

# पर्वतीय दौड सफल पार्ने पुम्दीभुम्दीवासीको प्रतिबद्धता

पोखरापत्र संवाददाता
पोखरा, ३ असोज

प्रथम पर्वतीय खुला दौड प्रतियोगिता सभ्य र भव्य रूपमा सफल पार्न पोखरा २२, पुम्दीभुम्दीवासीले सहयोगको प्रतिबद्धता व्यक्त गरेका छन्।



बिहीबार पोखरा २२, वडा कार्यालय सभाहलमा भएको छलफलमा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधिले आफ्नो गाउँमा खेल पर्यटन प्रबर्द्धन हुने गरी प्रतियोगिता हुन लागेकोमा उत्साहित हुँदै कार्यक्रम सफल पार्ने प्रतिबद्धता जनाएका हुन्। 'खेल पर्यटन प्रवर्द्धनमा पुम्दीभुम्दी पर्वतीय दौड' नाराका साथ यही असोज १२ गते ८ किमीको खुला पर्वतीय दौड हुन लागेको हो। पोखरा २२ का प्रमुख पर्यटकीय गन्तव्य पुम्दीभुम्दीस्थित शान्ति स्तुप, विशाल महादेव मूर्ति र बुद्ध पार्क जोडेर खेल पर्यटन प्रवर्द्धन गर्न आयोजित उक्त पर्वतीय दौडका धावकलाई आफूहरुले फूलमालाले स्वागत गर्ने स्थानीयले बताए। वडाध्यक्ष हिमलाल बरालले आफ्नो वडामा नयाँ अवधारणाका साथ आयोजना हुने उक्त प्रतियोगिता सफल पार्न सबै जना लाग्नुपर्नेमा जोड दिए। उनले यस वर्ष सफल भए अर्को वर्ष फरक ढंगले सहयोग र साथ दिने बताए।

धावक आफ्नो घरआँगन अगाडि आउँदा स्वागत गर्न आग्रह गर्दै उनले वडामा पर्यटकको कम्तीमा एक दिनको बसाइँ अवधि लम्बाउने गरी धेरै भौतिक संरचना निर्माण गर्न आवश्यक भएको बताए।

वडा कार्यालयका अधिकृत रामप्रसाद पौडेलले २५ किमी सडक क्षेत्रमा दौड उपयुक्त रुट हुने बताए। उच्च मनोबलसाथ उक्त प्रतियोगिता सम्पन्न गर्न सुझाए। शुक्रराज माविका प्राचार्य नरनाथ बरालले १६ वर्षमुनिका धावकका लागि निःशुल्क दर्ताको व्यवस्था गर्न सुझाव दिए। विश्वसामु परिचित गर्न गाउँमा आयोजना हुने उक्त प्रतियागिता सफल पार्न विद्यालयबाट आवश्यक विद्यार्थी सहभागी गराउने वचन दिए। बुद्ध पार्क समिति अध्यक्ष लाला गुरुङले उक्त प्रतियोगिता सफल पार्न समिति सहित सिंगो गाउँले नै तयार रहेको जनाए।

पोखरा-२२ लाई आन्तरिक तथा बाह्य पर्यटनको केन्द्रबिन्दु बनाउन खेल पर्यटनले समेत सहयोग पुग्ने हेतुले प्रतियोगिताको जमर्को गरिएको आयोजक पोखरा क्लिक प्रालि अध्यक्ष दीननाथ बरालले बताए। दौडको रुट विश्व शान्ति स्तूपदेखि सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा-२२ वडा कार्यालय हुँदै बुद्ध पार्क (निगाले डाँडा) सम्म पुगेर टुंगिने व्यवस्थापक सागर सुनारले बताए। प्रतियोगितामा खुलातर्फ प्रथमलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई ७ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने छ। यस्तै, महिला धावक, १६ वर्ष मुनिका बालबालिका धावक र पोखरा-२२ का वडा धावकमध्ये उत्कृष्ट एक-एक जना नगद ७ हजारसहित पुरस्कृत हुने छन्। कार्यक्रममा शुक्रराज माविका शिक्षक मिलन गुरुङ, नेकपा (माओवादी केन्द्र) २२ का उपाध्यक्ष सनतकुमार बराल, कालीमाटी टोल विकास संस्थाका अध्यक्ष सुदीप विक, प्रवीण बराल, सावित्री भुजेललगायतले सहयोग गर्ने बताए। प्रतियोगितको प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र पोखरा महानगरपालिका छन्।


## कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-१३, बाँझापाटनका

फोन नं. : ०६१-५८३८११, ५९०६७३, ९८५६०६६८११

### १६ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८१/०५/२९ गते बसेको संचालक समितिको २६१ औं बैंठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा १६ औं साधारणसभा तपसिलका प्रस्तावहरु उपर विस्तृत छलफल गरि निर्णय गर्न यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम तालिका** :

मिति : २०८१ साल, कार्तिक ०३ गते, शनिबार

समय : बिहान ८:०० बजेदेखि

स्थान : सेन्ट्रल भिल्ला, बि.पि.मार्ग, पोखरा-१४ (कृपया सेन्ट्रल भिल्ला जाने बाटो चिन्नको लागि एस QR स्क्यान गर्नुहोला)

**छलफलका विषयहरू** :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
२. संचालक समितिको तर्फबाट सचिवज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
३. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको आ.व. २०८०/०८१ को वित्तीय प्रतिवेदन तथा आ.व. २०८१/०८२ को बजेट प्रस्तुत।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
५. माथि उल्लेखित अध्यक्ष, सचिव, लेखा संयोजकको प्रतिवेदन तथा कोषाध्यक्षको प्रतिवेदन एवं आ.व. २०८१/०८२ को बजेट उपर छलफल गरि पारित गर्ने।
६. शेयर लाभांश कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने।
७. संरक्षित पूँजी फिर्ता कोषको रकम बितरण सम्बन्धी निर्णय पारित गर्ने।
८. संस्थाको विनियम २०६६ दोस्रो पुर्नलेखन २०८० तथा नीति, कार्य विधि अनुमोदन सम्बन्धमा।
९. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट प्रतिनिधि चयन गर्ने।

उपस्थित शेयर सदस्यज्यूहरुलाई नास्ता, खाना र यातायात खर्चको व्यवस्था गरिएको छ।

*(नोट : शेयर सदस्यका छोराछोरीहरु मध्ये २०८० सालको एस ई.ई परीक्षामा र कक्षा १२ मा उत्कृष्ट ३/३ जना, स्नातक र स्नातकोत्तरमा विशिष्ट श्रेणी प्राप्त गर्ने तथा एमफिल र पि.एच.डी. गर्ने शेयर सदस्य वा छोराछोरीहरु सबैलाई सम्मान गर्ने कार्यक्रम राखिएको हुँदा आश्विन १५ गतेभित्र कार्यालयमा सम्पर्क गरि लब्धाङ्क पत्र पेश गर्नुहुन अनुरोध गर्दछौं)*

संचालक समितिको आज्ञाले
कृष्ण बहादुर क्षेत्री (कुमार)
सचिव




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।

– वी. पी. कोइराला

**सम्पादकीय**

# बजार अनुगमन अभियान चलाऊ

सरकारले चाडपर्वलक्षित संयुक्त रूपमा बजार अनुगमन गर्ने भएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्वमा असोज ४ गतेदेखि विभिन्न १० वटा छुट्टाछुट्टै समूह बनाएर संयुक्त रूपमा चाडपर्वलक्षित अनुगमन गर्ने तयारी भएको छ। विभागका निर्देशक डिकबहादुर कार्कीले खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभाग, औषधी व्यवस्था विभाग, आन्तरिक राजस्व विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, पशुपन्छी विभाग, कृषि, पशु विभाग, उपत्यकाका तीन वटा जिल्ला प्रशासन र उपत्यका स्थानीय तहबिच समन्वयमा संयुक्त रूपमा अनुगमन गर्ने गरी तयारी गरेको जानकारी दिएका छन ।

महानिर्देशक कार्कीका अनुसार उजुरी, गुनासोका आधारमा दैनिक तीन/चार वटा टोलीमार्फत अनुगमन गर्दै आएको विभागले चाडपर्वमा बढी खपत हुने खाद्यवस्तु, माछामासु, लत्ताकपडा, भाँडावर्तन, फलफूल, तरकारीलगायतमा अनुगमन गर्नुपर्ने विभिन्न १० वटा टोलीले अनुगमन गर्ने छ। वस्तुगत विज्ञ रहने संयुक्त बजार अनुगमन टोलीले यातायात, राजमार्गका होटल तथा रेस्टुराँ, पसल, दुध, पानी, मिठाइलगायतको पनि अनुगमन गर्ने छ । अरूबेला सबै निकायले आफ्नो तरिकारले छुट्टाछुट्टै बजार अनुगमन गर्ने गरेकोमा चाडपर्वमा संयुक्त रूपमा अनुगमन गर्दा परिणाममा देखाउन सकिने र उपभोक्ताले पनि महसुस गर्न सक्ने भएकाले संयुक्त बजार अनुगमनलाई जोड दिएको छ।

चाडपर्वको समयमा कालोबजारी, खाद्य मिसावट, गुणस्तरहीन वस्तुको बिक्रीवितरण हुन सक्ने भएकाले यसबेला विशेष निगरानीको आवश्यकता हुने भएकाले पनि संयुक्त रूपमा बजार अनुगमन गर्न जरुरी रहेको सुझाव सरकारलाई छ। जबसम्म अभियानको रुपमा बजार अनुगमन हुँदैन तबसम्म उपभोक्ताले सुधारको आशा गर्न सक्दैनन् । विभागले बजार अनुगमनको जिम्मा ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी तथा ७५३ वटा स्थानीय तहका उपप्रमुखलाई बजार अनुगमनका लागि अधिकार प्रत्यायोजन गरिसकेको छ।

सबै स्थानीय तहलाई अधिकार दिए पनि बजार अनुगमन प्रभावकारी हुन सकेको छैन । हरेक वस्तु तथा सेवाको गुणस्तर र मूल्य अनुगमन चाडपर्वका बेलामा मात्र नभई नियमित गर्नुपर्छ।जनतालाई सुशासनको अनुभूति दिलाउन नियमितरूपमा बजार अनुगमन गरेर उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा उचित मुल्यमा दिने अवस्था बनाउनु आवश्यक छ।

**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनद्वारा सम्मान



**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन, जिल्ला समन्वय समिति, कास्कीले आफ्नो प्रथम जिल्ला परिषद्का अवसरमा शैक्षिक क्षेत्रमा योगदान गरेका विभिन्न व्यक्तिलाई बिहिवार पोखरामा सम्मान गरेको छ ।

आफूले काम गरेका विद्यालयहरूको चौतर्फी विकासमा भूमिका खेलेका भन्दै सम्मानित हुने प्रधानाध्यापकहरूमा माछापुच्छे मावि, माछापुच्छे-२ का प्रधानाध्यापक सन्तोष आचार्य, विन्ध्यवासिनी मावि, पोखरा-१६ का प्रधानाध्यापक कृष्णप्रसाद आचार्य, निष्पक्ष मावि, माछापुच्छे-५ का प्रधानाध्यापक दुर्गाबहादुर रावत, शिवालय मावि, रूपा-२ (हालः कालिका मावि, पोखरा-३३) का प्रधानाध्यापक रुपिन्द्र प्रभावी, अमरसिंह माविका प्रधानाध्यापक शेरबहादुर थापा, रतनपाण्डे माविका प्रधानाध्यापक डिल्लीराम बराल, धनुबाँस कालिका मावि, मादीका प्रधानाध्यापक गोपाल सापकोटा र बाँकोट आधार भूत विद्यालय, अन्नपूर्णका प्रधानाध्यापक महेश न्यौपाने रहेका छन् । त्यसै गरी रतनपाण्डे माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदचन्द्र बराल, शिशुकल्याण माविका विव्यस अध्यक्ष श्रीभद्र बराल, सहिदस्मृति माविका शिक्षक मधुविलास न्यौपाने, सीताराम माविका शिक्षक सुरेन्द्र बराल, लिटिल फ्लावर बोर्डिङ स्कुलका शिक्षक शम्भुप्रसाद अधिकारी र सरस्वतीटीका माविका लेखापाल रमेश कार्कीलाई पनि सो अवसरमा सम्मान गरिएको थियो। नेपाल सरकारका पूर्व शिक्षामन्त्री दीनानाथ शर्माले उनीहरूलाई सम्मान गरेका थिए । शर्माले नेपालको शिक्षा मन्त्रालय नै विदेशी पैसाबाट चलेको खुलासा गरे । 'उनीहरूको पैसामा हाम्रो देश पढाउन लगाउने कुरा पनि भएन । हाम्रो पाठ्यक्रममा देश पढाउने स्थिति छैन ।' उनले भने, 'उनीहरूकै निर्देशनअनुसार बनेका पाठ्यक्रमअनुसारको पढाइले विदेशीका लागि जनशक्ति तयार भएका छन् ।' आफू शिक्षामन्त्री हुँदा शिक्षा ऐन तयार पारेर मन्त्री परिषद्बाट पास गरी राष्ट्रपतिकहाँ लैजाँदा काङ्ग्रेस- एमालेका सङ्घ/सङ्गठनले नमानेको भन्दै राष्ट्रपतिले लालमोहर लगाउन नमानेको प्रसङ्ग स्मरण गर्दै उनले भने, 'त्यो ऐन पारित भएको भए नेपाली शिक्षा धेरै अघि बढ्ने थियो ।' उनले नेपालको माटो पढाउने शिक्षा दिनुपर्नेमा जोड दिँदै शैक्षिक क्षेत्रमा गुणात्मक परिवर्तनको खाँचो औँल्याए । शिक्षकहरू स्वच्छ र निष्कलङ्क छवि भएका व्यक्ति भएको बताउँदै नेकपा (माओवादी केन्द्र) का सचिवसमेत रहेका शर्माले सबैभन्दा पवित्र कर्म नै शिक्षण भएको बताए । राष्ट्रका सच्चा सेवक र क्रान्तिका बाहक शिक्षक नै भएको उनको भनाइ थियो। उनले अबको १० वर्षभित्र समाजवादी क्रान्तिको अनुहार देख्न पाउने विश्वास व्यक्त गरे ।

शिक्षकका साथमा विद्यार्थी, अभिभावक र सिङ्गो समाज रहने बताउँदै शर्माले शिक्षकले ठिक ढङ्गले विद्यार्थीलाई पढाए समाज परिवर्तनको बाटोमा जान सक्ने बताए। उनले शिक्षकहरूसँग माटो र क्रान्तिकारी आशावादी विचार पढाउन आग्रह गरे । शिक्षक राजनीतिक दलले बनाएका नभई राजनीतिक नेता बनाउने नै शिक्षक भएको भन्दै शर्माले देशका इमानदार र असल बाहक शिक्षक भएको विचार राखे ।

कार्यक्रमका अध्यक्ष तथा सङ्गठनका जिल्ला अध्यक्ष महेन्द्रमणि पौडेलले शिक्षकका समस्या हिजोभन्दा आज बढ्नुको कारण खोजी गर्नुपर्ने बेला आएको धारणा राखे । हाम्रा भन्दा राम्रा प्रधानाध्यापक, शिक्षक, अध्यक्ष र कर्मचारीलाई सम्मान गरिएको जानकारी दिँदै पौडेलले शिक्षकले आफूले काम गरेका विद्यालयमा उत्कृष्ट कार्य सम्पादन गर्नुपर्नेमा जोड दिए । राज्यले कम्तीमा पनि न्यूनतम दरबन्दी दिनुपर्ने माग गर्दै उनले शिक्षामा कम्तीमा २० प्रतिशत लगानी हुनुपर्ने उनको विचार थियो । सङ्घीय शिक्षा ऐन जारी गरेर शैक्षिक समस्याहरूको समाधान गर्नुपर्ने उनको माग थियो । कार्यक्रममा सङ्गठनका निवर्तमान जिल्ला अध्यक्ष तारानाथ पौडेल, बराह माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पवन रोका, पत्रकार तथा पुराना शिक्षक नेता कोमलनाथ बराल, गण्डकी प्रदेशका शिक्षक सङ्गठनका फ्याक्स इन्चार्ज मित्रशरण शर्मा, कास्कीका शिक्षक सङ्गठनका फ्याक्सन इन्चार्ज विश्वप्रकाश लामिछाने, पूर्व अध्यक्ष गोपालमणि लामिछाने, शोभा तमु, शिवभक्त देवकोटा, सम्मानित व्यक्तिहरूका तर्फबाट रुपिन्द्र प्रभावीलगायतले बोलेका थिए । सचिव सचिन सुवेदीको सञ्चालनमा भएको उद्घाटन सत्रमा उपाध्यक्ष प्रकाश रिजालले स्वागत गरेका थिए ।

यसै बिच, प्रथम जिल्ला परिषद्ले जिल्ला समन्वय समितिका अध्यक्ष महेन्द्रमणि पौडेलको संयोजकत्वमा ४९ सदस्यीय जिल्ला परिषद् गठन गरेको छ। असोज ५ गते जनप्रिय मावि, पोखराको सभाहलमा गण्डकी प्रदेश परिषद् आयोजना गरिएको पौडेलले जानकारी दिए ।

**जापानीज कार्ड हरायो**

बगरबाट महेन्द्रपुल जाँदै गर्दा जापान सरकारद्वारा मेरो नाममा जारी आवासीय कार्ड नम्बर TJ93185970EA को कार्ड हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा काठमाडौंस्थित राजदुतावासमा बुझाईदिनुहुन हार्दिक अनुरोध छ ।

सम्पर्क
सृजना थापा खत्री
पोखरा-२०, भलाम मो. ९८४६०३५३०५

# पोउवा संघको कार्यसमितिलाई बुद्ध विशाल बजारको बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज



बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष लगाएत कार्यसमितिहरुलाई बधाई तथा स्वागत गरेको छ।

बिहीबार एक कार्यक्रम गर्दै नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरिएको हो। नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिदैं बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशव बहादुर खत्रीले पोखरा उद्योग वाणिज्य संघले गर्ने हरेक राम्रा कामको साथमा बुद्ध विशाल बजार व्यापारिक एशोसियसन साथमा रहेको बताउदै उद्योग वाणिज्य संघले गर्ने नराम्रा कामको लागी एशोसियसनले खबरधारी गर्ने बताए । खत्रीले व्यावसायमा पार्किङको समस्या रहेको हुनाले उद्योग वाणिज्य संघले सहजीकरण गर्नुपर्ने बताए।

पोखरा उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष पवन प्रजापतिले व्यावसायिका घर वहाल कर लगाएत विभिन्न करका समस्याहरू रहेको बताउदै यस बारेमा बारेमा पोखरा महानगरपालिकासँग मिलेर काम गर्न संघलाई आग्रह गरे । प्रजापतिले बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले आफुलाई जुन सम्मान गरेको छ त्यसको लागी धन्यवाद दिदै व्यवसायीहरूलाई फुटेर हैन जुटेर काम गर्न आग्रह गरे।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका नव निर्वाचित अध्यक्ष गोकर्ण कार्कीले आफ्नो जित सम्पुर्ण व्यवसायीको जित भएको बताउदै आफु सधै व्यवसायीको साथमा रहेको बताउदै व्यवसायीलाई परेको समस्या समाधान गर्न आफु चौविसै घण्टा तयार रहेको बताए। कार्कीले व्यावसायीको हकहितका लागि नेपाल सरकार लगाएत पोखरा महानगरपालिका साथै विभिन्न संघ सस्थासंग सहकार्य गर्दै काम गर्ने बताए।

कार्यक्रमा पोखरा उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष पवन प्रजापतिलाई सफल्तापुर्वक आफ्नो कार्याकाल सम्पन्न गरेकोमा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले सम्मान गरेको थियो। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष बुद्धि बहादुर कुँवरले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रम सन्चालन एशोसियसनका सचिव थमन सिह गुरूङले गरेका थिए।

# पहिलो लायन्स गभर्नर्स कप सुपरमोटो बाइक रेसिङ प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

लायन्स इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ जे नेपालको आयोजनामा नेपाल मै पहिलो पटक गभर्नर्स कप सुपरमोटो बाइक रेसिङ प्रतियोगिता हुन लागेको छ। यो रोमाञ्चक प्रतियोगिता आगामी असोज ४ र ५ गते पोखरा रंगशालामा सम्पन्न हुनेछ।

प्रतियोगितामा नेपालका १६ जना राष्ट्रिय स्तरका बाइक रेसिङ खेलाडीहरुले प्रतिस्पर्धा गर्नेछन्।

डिष्ट्रिक्ट गभर्नर लायन मिलन थापाका अनुसार यो प्रतियोगिता नेपाल मै पहिलो पटक हुन लागेको हो । समाज सेवामा लामो समयदेखि सक्रिय लायन्स क्लबले युवा सशक्तिकरण र मोटर स्पोर्टस् जस्ता साहसिक खेलको प्रवर्द्धन गर्ने उद्देश्यले यो प्रतियोगिता आयोजना गरेको छ।

यसले राष्ट्रिय खेलाडीहरुलाई अन्तर्राष्ट्रिय मञ्चमा पनि अघि बढ्न सहयोग पुर्‍याउने विश्वास छ । प्रतियोगिताको सम्पूर्ण प्राविधिक व्यवस्थापन मोटर स्पोर्टस् नेपाल क्लबले गर्नेछ । प्रतियोगिताका लागि असोज ४ गते प्राक्टिस राउन्ड आयोजना हुनेछ भने असोज ५ गते मुख्य प्रतियोगिता हुनेछ । लायन्स डिष्ट्रिक्ट ३२५ जे का स्पोर्टस् चिफ लायन अनिल कुमार बरालका अनुसार यो प्रतियोगिताले नेपाली मोटर स्पोर्ट्सलाई नयाँ उचाईमा पुर्‍याउने अपेक्षा छ।

प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने खेलाडीहरुलाई कप र नगद पुरस्कार प्रदान गरिनेछ साथै प्रतियोगितामा सहभागी सबै खेलाडीहरुलाई मेडल र प्रमाण पत्र प्रदान गरिने जानकारी चिफ पिआरओ लायन रामराजा थापाले दिए । प्रतियोगिताको संयोजनमा लायन्स क्लब अफ काठमाडौं युनाईटेड स्टार्स र लायन्स क्लब अफ पोखराले प्रमुख भूमिका निर्वाह गरिरहेका छन् । खेलकुद मन्त्रालयसँगको सहकार्यमा गरिएको यस प्रतियोगितामा चार उत्कृष्ट खेलाडीहरुले अन्तर्राष्ट्रियमा हुने विश्व च्याम्पियनसिपमा समेत सहभागिता जनाउन मौका पाउनेछन्।

यसले राष्ट्रिय खेलाडीहरुको प्रतिभा प्रदर्शन गर्न र उनीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नेछ। लायन्स क्लबका डिष्ट्रिक्ट स्पोर्टस्को चिफ लायन शिव श्रेष्ठका अनुसार यो प्रतियोगिता नेपालमा मोटर स्पोर्ट्सको विकास र प्रवर्द्धनका लागि एक ऐतिहासिक कदम हुनेछ र नेपाल पनि अब यो प्रतियोगिता पछि अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा प्रतिस्पर्धा गर्न सक्षम हुनेछ।

यस खेल गण्डकी प्रदेश सामाजिक बिकाश, युबा तथा खेल्कुद मन्त्रालय अन्तर्गतका गण्डकी प्रदेश खेलकुद परिसदसंग अनुबन्धित भै संचालित रहेको छ। पछिल्लो समय युबा पुस्ता माझ निकै लोक प्रिय् हुदै गएको यस प्रकार का रेस खेल ले नेपालको दीर्घकालीन पर्यटनलाई समेत टेवा पर्‍याउने जान्कारहरु बताउछन्।

# एमालेको अधिवेशनमा प्यानल बनाउन नपाइने

**रासस**
काठमाडौं, ३ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीको अधिवेशनको निर्वाचनमा प्यानल बनाउन नपाइने व्यवस्था लागू गरेको छ।

पार्टी महासचिव शङ्कर पोखरेलद्वारा जारी 'निर्णायक राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजना' मा पार्टीको कुनै पनि कमिटीमा अधिवेशनमा उठ्ने उम्मेदवारले प्यानल बनाउन नपाइने उल्लेख गरिएको छ । 'प्रत्येक उम्मेदवारले आफूलाई व्यक्तिगत रूपमा मतदातासमक्ष प्रस्तुत गर्ने । कसैले पनि प्यानल बनाएर प्रचार-प्रसार नगर्ने,' कार्ययोजनामा उल्लेख छ । कार्ययोजनामा आगामी ११औँ महाधिवेशनसम्म १० लाख सदस्यता पुर्‍याउने लक्ष्य लिइएको छ। कार्ययोजनामा १० लाख सदस्यता पुर्‍याउन पार्टीले जनसङ्गठन र सम्पर्क मञ्चका क्रियाशील व्यक्तिलाई आधार बनाई नयाँ सदस्यता विस्तारको योजना कार्यान्वयन गर्ने उल्लेख गरिएको छ।

पार्टीले आगामी वर्षदेखि अभिलेखीकरणको काम सङ्गठन विभागको निर्देशनअनुरूप 'अनलाइन'मार्फत गर्ने भएको छ। कार्ययोजनामा पार्टी प्रवेशबाट आएका र नयाँ सदस्यता प्राप्त सबै पार्टी सदस्यका लागि अनिवार्य आधारभूत तहको प्रशिक्षणको व्यवस्था मिलाउने र जिल्ला कमिटीले सदस्यहरूको मागका आधारमा तोकिएको ढाँचामा पार्टी सदस्यता 'कार्ड' मुद्रण गरी वितरण गर्ने 'सर्कुलर'मा राखिएको छ।

पार्टीको विधानले तोकेको अवधिभित्र अधिवेशन सम्पन्न नभएका कमिटीहरू स्वतः सङ्गठन कमिटीमा रूपान्तरण हुने व्यवस्था गरिएको छ। अन्य पार्टीबाट एमाले प्रवेश गरेकाहरूलाई पार्टी जिम्मेवारी प्रदान गर्नुपूर्व आधारभूत तहको प्रशिक्षण अनिवार्य गर्ने र नयाँ पार्टी सदस्यलाई पार्टी सदस्यको शपथग्रहण समारोहपूर्व आधार भूत प्रशिक्षण प्रदान गर्ने योजना कार्ययोजनामा राखिएको छ । कार्ययोजनामा पार्टीको आर्थिक बक्यौता रहेकाहरू कसैलाई पनि अधिवेशनहरूमा र जननिर्वाचित निकायहरूमा उम्मेदवार बन्न नपाउने व्यवस्थालाई कडाइका साथ लागू गर्ने भनिएको छ। पार्टी तथा जनसङ्गठनका विभिन्न तहका नेता तथा कार्यकर्ता, जनप्रतिनिधिहरू र पार्टीका तर्फबाट राजकीय तथा सार्वजनिक ओहोदामा रहेका व्यक्तिहरूका विषयमा उठेका आर्थिक, नैतिक र चारित्रिक प्रश्नहरूमा प्रश्नको प्रकृति हेरी पार्टीका तर्फबाट तत्काल अध्ययन गरी सो सम्बन्धी धारणा सार्वजनिक गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ।

